OPEN MIC NEPAL
Listen. Verify. Report

# अङ्क २६

पौष २७, २०७२

'ओपन माईक नेपाल' बुलेटिनको छब्बिसौं अङ्कमा स्वागत छ। 'ओपन माईक' भूकम्प प्रभावित जिल्लामा चलेका हल्लाहरु तथा अन्योलपूर्ण सवाललाई एक ठाउँमा ल्याई त्यसभित्रको यथार्थ पत्तालगाएर मानवीय सहयोगका काम गरिरहेका संघसंस्थाहरु, सञ्चार माध्यम र स्थानीय समूदायलाई सहि सूचना पुर्‍याउनमा केन्द्रित छ। हल्ला फैलिएर क्षति हुनन पाउँदै हल्ला र यथार्थ छुट्याएर सञ्चार माध्यमहरु र भूकम्प पिडितको हितमा काम गर्ने संघसंस्थाहरुलाई उपलब्ध गराउनु र उनीहरु मार्फत समूदायमा रहेका अस्पष्टता हटाउनु हाम्रो ध्येय हो।

## सवाल

### नलाङ बैरेनी, धादिङ
"जमिन थोरै हुनेले कस्तो घर बनाउने ? "

### पालुङटार, गोरखा
"सरकारले जारी गरेको नक्साको नमूना मन नपरे के गर्ने ?"

### पाँचखाल, काभ्रेपलाञ्चोक
"अब त नगरपालिकामा नयाँ प्रविधिले घर बनाउने आउँदैछ रे।"

### चुम्चेत, गोरखा
"नयाँ बन्ने घरको अनिवार्य विमा गर्नुपर्छ रे भन्ने हल्ला छ।"

### साँखु, काभ्रेपलाञ्चोक
"सरकारले आठवटा घरको नमूना निकालेको छ रे। त्यस मध्य छानेर एउटा भूकम्प प्रतिरोधात्मक घर बनाउनु पर्छ रे। सरकारले दिएको डिजाइन भन्दा बाहिरको घर बनाउँदा अनुदान रकम पाइँदैन रे भन्ने हल्ला छ। "



### छेबेटार, गोरखा
"नयाँ घर बनाउने जग्गामै गएर प्राविधिक हरुले नक्सा पास गर्दिने कार्यक्रम छ रे। नगरपालीका र गाविस सम्म धाइरहनु पर्दैन रे हो ?"

### सल्ले, सिन्धुली
"कस्तो घर बनाउने नक्साको नमूना पठाएको भन्छ। इन्टरनेटमा हालेर गाउँलेले कसरी थाहा पाउने। गाउँमा ल्याएर पढाउनुपर्छ। "

### हाडीखोला, मकवानपुर
"क्षतिमा परेको व्यक्तिले सरकारले भने जस्तो घर निर्माण गर्न नसक्ने हुन सक्छन्। यसमा के गर्न सकिन्छ?"

### भिमफेदी, मकवानपुर
"पुनर्निर्माण गर्ने घरको नक्सा अझै पाइएन।"

जवाफ
अर्को पृष्ठमा

# जवाफ

घर निर्माण गर्ने हरेक परिवारले सरकारले गत असोजमा जारी गरेको मापदण्डको आधारमा घर निर्माण गर्नुपर्छ ।

मापदण्ड अनुसार हरेक परिवारले स्थानिय निकायमा गाउँ विकास कार्यालय (गाविस) वा नगरपालिका कार्यालयबाट घरको नक्सा स्वीकृत गराएको हुनुपर्दछ। मापदण्ड आउनु अघि नगरपालिकामा मात्र नक्सा पास गर्नुपर्ने प्रावधान थियो।

ग्रामिण क्षेत्रमा भूकम्प प्रतिरोधी घर निर्माणका लागि सरकारले गत असोजमा घरका नमूनाहरु अनलाइन उपलव्ध गराएको छ। यसमा स्थानिय तहमा उपलव्ध सामग्रीको प्रयोगबाट बनाउन सकिने १७ प्रोटोटाइप र चार परिवर्तन गर्न सकिने डिजाइनहरु छन्।

शहरी विकास मन्त्रालयले यो नमूना पुस्तिका नेपालीमा अनुवाद गर्दैछ र माघ २ गते सम्म सबै स्थानिय निकायमा पुऱ्याउने योजना बनाएको छ।

ग्रामिण क्षेत्रका परिवारले रु दुई लाख अनुदान पाउनको लागि घर निर्माणको नमूना पुस्तिकाबाट डिजाइन नम्बर गाविससँग गरिने सम्झौतामा उल्लेख गर्नुपर्दछ। यो प्रक्रिया गाविस कार्यालयमा हुनेछ।

यदि उपलव्ध घर डिजाइन मन नपरेमा घर परिवारले प्रमाण पत्र तह उत्तीर्ण गरेको प्राविधिकको सहयोगमा घर डिजाइन तयार गर्न सक्दछन् । यसो नगरेमा सरकारबाट उपलव्ध हुने अनुदान पाउने छैनन्।

मापदण्डमा नयाँ घरलाई विमा गर्नुपर्ने प्रावधान राखिएको छैन।

शहरी क्षेत्रमा घर बनाउन प्रयोग हुने प्रविधि भन्दा अगाडीको हुन सक्ने छ, तर निर्माण गर्दा भवन संहिताको पालना गर्नुपर्दछ।

रवि शाह
उप महानिर्देशक
शहरी विकास तथा
भवन निर्माण विभाग
९८५१०५६८२४

# सवाल

## बस्नेत गाउँ, काभ्रेपलाञ्चोक

"सरकारले किस्तामा ऋण रकम दिन्छ रे घर बनाउनेहरूले रकम प्राप्त गर्छन् रे। घर नबनाउनेहरूले पहिलाप्राप्त गरेको पन्ध्र हजार पनि फिर्ता गर्नुपर्छ रे।"

## मदानपूर, नुवाकोट

"छोराले विदेशबाट पठाएको पैसाले घर बनाउँ भने सरकारले नदेला। नबनाउँ भने अब कहिलेसम्म कुर्नु ?"

## हायु, सिन्धुली

"हाल रु पाँच लाख रुपैयाँ सरकारबाट आउने भनिने हल्ला जतातते सुन्नमा आएको छ।"



## भिमफेदी, मकवानपुर

"घर बनाइसकेकाहरूको राहत अब के हुने ?"

# जवाफ

सरकारले पूर्ण रुपमा क्षति भएका र बस्नको लागि अन्य विकल्प नभएका घरपरिवारलाई रु २ लाख वा पुनर्निर्माण गर्न लाग्ने लागत, दुई मध्य जुन कम छ, त्यहि अनुदानको रुपमा दिने छ।

घर बनाउन लाग्ने अतिरिक्त लागत तिर्न नसक्ने घरपरिवारलाई सरकारले सहुलियत व्याज दरमा रु ३ लाख कर्जा पाउनेछन्। यसका लागि अन्य भूकम्प पिडित सदस्यहरू सामुहिक जमानीको रुपमा रहन सक्ने छन्।

घर निर्माण प्रगतिको आधारमा अनुदान र कर्जा तीन किस्तामा उपलब्ध हुनेछ। प्राविधिक टोलीले हरेक किस्ता बाड्नुपूर्व घर निर्माणको अनुगमन गर्नेछन्।


नेपाल राष्ट्र बैङ्कले गत जेठमा बैङ्क तथा वित्तिय संस्थाहरूलाई ग्रामिण क्षेत्रको लागि रु १५ लाख र शहरी क्षेत्रका लागि रु २५ लाख दुई प्रतिशत व्याजदरमा घर कर्जा उपलब्ध गराउन निर्देशिका जारी गरेको थियो। राष्ट्र बैङ्कका अनुसार, बैङ्क तथा वित्तिय संस्थाहरूले लगानी उठ्न नसक्ने क्षेत्रमा ऋण प्रवाह गर्न हिच्किचाहेकाले यो निर्देशिका कार्यान्वयन गर्न कठिन भएको छ।

अनुदान वितरण हुनु भन्दा पहिला निर्माण गरिएका घरले सरकारबाट अनुदान पाउँछन् वा पाउँदैनन् भन्ने बारेमा कार्यविधिमा प्रष्ट उल्लेख गरिएको छैन। अनुदान पाएता वा नपाएता पनि घर निर्माण गर्दा भवन संहिता पालन गर्नुपर्दछ। यो कार्यविधिमा रु १५ हजार अनुदानबाट घटाईने छ वा छैन भन्ने बारेमा पनि केही उल्लेख गरिएको छैन।

पदम कुमार मैनाली
प्रवक्ता
शहरी विकास मन्त्रालय
९८५१००५२१९

त्रिलोचन पङ्गेनी
प्रवक्ता
शहरी विकास मन्त्रालय
०१-४४१०२०१

## हल्ला



### खर्क गाँउ, काभ्रेपलाञ्चोक

"अहिले लोडसेडिङ्गको समस्या एकदमै बढ्दै गैरहेको हुनाले अब बन्ने घरहरुमा अनिवार्य रुपमा सोलार हुन पर्छ रे। अहिले नै सरकारले पिडितहरुलाई किस्ताबन्दीमा सोलार वितरण गर्दै छ रे। पाँच वर्षमा उक्त रकम तिरे हुन्छ रे। व्याज पनि दुई प्रतिशत मात्र हो रे भन्ने हल्ला सुनिन्छ। "

## यथार्थ

शहरी क्षेत्रमा १० आना भन्दा ठूलोमा घर बनाउँदा सम्पूर्ण उर्जा खपतको २५ प्रतिशत थेग्ने गरी सोलार प्यानलको जडान गर्नुपर्ने मन्त्रिपरिषद्ले भर्खरै निर्णय गरेको छ।

त्यसैले नँया घर बनाउँदा सोलार जडान गर्नुपर्ने नियम सबैलाई लाग" छैन।

सरकारले सौर्य उर्जाको प्रयोगलाई प्रोत्साहित गर्नको लागि आवासीय तथा व्यापारीक प्रयोजनमा सोलार जडानमा अनुदान दिँदै आएको छ।

राष्ट्रिय प्रसारण लाइनमा जडान भएका घरपरिवारले १००-१५०० वाट सम्मको सोलार राख्नको लागि २.२५ प्रतिशतको व्याजदरमा कर्जा लिन सक्नेछन्। यसका अतिरिक्त ५०० वाट भन्दा बढिको सोलार जडान गरेमा रु १५,००० जडान खर्च पाउनेछन्। यो कर्जा तिर्ने अवधि ५ वर्षको रहने छ।

ग्रामिण क्षेत्रमा दिइने अुदानमा भने गाविसका वर्गिकरण (अति दुर्गम, दुर्गम र सुगम) को आधारमा हुनेछ। अति दुर्गम गाविसहरुको लागि सबैभन्दा बढि अनुदान (१० वाटको लागि रु ५ हजार, ५० वाट र त्यो भन्दा माथिका लागि रु १० हजार) अनुदान रहनेछ।

यदि आफ्नो घरमा सोलार जडान गर्नुपरेमा आफ्नो नजिकको सोलार पावर कम्पनीमा सम्पर्क गर्नुहोस्।

**विजय कलधन**
बजार व्यवस्थापक
घाम पावर
९८४१७१४१३१

**मुकेश घिमिरे**
वरिष्ठ अधिकृत
सोलार पावर
वैकल्पिक उर्जा प्रवर्धन केन्द्र
९८५११२९९२६


# सवाल

## फुलासी, रामेछाप

"विद्यालय सञ्चालनमा चिसोले प्रभाव पारेको र विद्यार्थीको उपस्थिति न्युन रहेको छ।"

## लहरेपौवा, रसुवा
## भिमफेदी, मकवानपुर

"भत्किएका स्कूल अझै नबनेकाले छोराछोरीहरु जोखिममा बसेर पढ्न बाध्य भएका छन्।"



# जवाफ

भूकम्पबाट प्रभावित ६९२ वटा विद्यालयको पुनर्निर्माणको लागि सरकारले ८८ वटा अर्न्तराष्ट्रिय र राष्ट्रिय संघसंस्थासँग सम्झौता गरेको छ।

सरकारले भूकम्पबाट क्षति पुगेका सार्वजनिक विद्यालयहरुको पुन निर्माण गर्ने बारेमा एसियन विकास बैंक सँग सम्झौता गरिसकेको छ।

शिक्षा मन्त्रालयका अनुसार जिल्ला शिक्षा कार्यालयले तयार पारेर पठाएको क्षति को आधारमा विद्यालय छनौट गरिन्छ।

शिक्षा उपसमितिमा भएका सस्थाहरुले भूकम्प प्रभावित जिल्लाको विद्यालयहरुमा स्कुल जाने विद्यार्थीहरुको लागि जाडोको सामग्री वितरण गरेको छ। यसमा ज्याकेट, टोपी, सुरुवाल, मोजा र ट्र्याकसुट पर्दछन्।

यदि विद्यार्थीको लागि जाडोको सामग्री चाहेमा जिल्ला शिक्षा कार्यालयमा सम्पर्क गर्न सक्नुहुनेछ ।

**कृष्ण पौडेल**
शाखा अधिकृत
INGO शाखा
शिक्षा विभाग
९८४३५२५४८९

**सञ्जिव शाक्य**
मानविय कार्यक्रम व्यवस्थापक
सेभ द चिल्ड्रेन
९८४१८०८८००

यो अङ्कमा समेटिएका सवाल जिल्लामा रहेका स्वयं सेवकहरु र जिल्लामा कार्यरत विभिन्न संघसंस्थाका प्रतिनिधीबाट प्राप्तभएका हुन्। पौष १६ गतेदेखि २३ गतेसम्म ८ जिल्लाका करिव ६१० जना स्थानीयबासीसँग कुराकानी र सामुदायिक छलफल गरी तयार पारेका टिप्पणीहरु यो बुलेटिनको सूचनाका प्रमूख स्रोत हुन्। विषयको महत्व र सान्दर्भिकतालाई ध्यान दिएर हल्ला तथा सवालहरु छनोट गरिएका छन्। यो अंकमा समेटिएमा जानकारी बुलेटिन प्रकाशित भएको मितिसम्म सत्य छन्।

OPEN MIC NEPAL प्रस्तुत गर्ने संस्थाहरू

accountabilitylab | Local Interventions Group data-driven development | Internews